का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ चैत २०७८,
शुक्रबार
8 April 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ६२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

### गठबन्धनको गुण

# गैरसांसद् बन्दी मन्त्री

नेकपा एकीकृत समाजवादीनिकट बन्दीले देउवा नेतृत्वमा सरकार गठनका लागि गठबन्धनको न्यायिक लडाइँ तथा एमसीसी पास गर्न सहयोग गरेका थिए । सोही कारण गठबन्धनमा आवद्ध दलहरुको सहमतिमा बन्दीलाई कानून मन्त्री बनाइएको हो ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ चैत

अधिवक्ता गोविन्द बन्दी कानुन, न्याय तथा संसदीय मामिला मन्त्री नियुक्त भएका छन् । प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले बन्दीलाई बिहीबार मन्त्री नियुक्त गरेकी हुन् ।

'प्रधानमन्त्रीज्यूको सिफारिसमा श्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई मन्त्री पदमा नियुक्त गरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्हाल्ने गरी' नियुक्त गरिएको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले गैरसांसद बन्दीलाई मन्त्री बनाएका हुन् । संविधानमा गैरसांसद ६ महिना मन्त्री बन्न सक्ने व्यवस्था छ । नेकपा एकीकृत समाजवादीनिकट बन्दीले देउवा नेतृत्वमा सरकार गठनका लागि गठबन्धनको न्यायिक लडाइँमा साथ दिएका थिए । सोही गुण तिर्न गठबन्धनमा आवद्ध दलहरुको सहमतिमा बन्दीलाई मन्त्री बनाइएको हो ।

त्यतिमात्र होइन बन्दीले एमसीसी पारित गर्न पनि महत्वपूर्ण भूमिका खेलेका थिए । एमसीसीलाई लिएर सत्तारुढ गठबन्धनमा विवाद भई सरकार ढल्ने अवस्थामा आइपुगेपछि बन्दीलगायतको भूमिकामा १२ बुँदे व्याख्यात्मक घोषणा तयार पारिएको थियो ।

बन्दीले १० वर्षे सशस्त्र विद्रोहपछि तत्कालीन नेकपा (माओवादी केन्द्र) शान्ति प्रक्रियामा आउँदा उक्त पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'विरुद्ध अनेक युद्ध अपराधसम्बन्धी मुद्दा मामिला गरे । तर, हाल तत्कालीन प्रधानमन्त्री केपी ओलीले ५ पुस र ८ जेठको प्रतिनिधिसभा विघटन गर्दा मुद्दाको पक्षबाट बहस गरेका थिए । मुद्दाको पक्ष वर्तमान प्रधानमन्त्री शेरबहादुर – बाँकी पृष्ठ २ मा

# २० देशका लागि राजदूत सिफारिस



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ चैत

सरकारले विभिन्न २० देशका लागि नेपाली राजदूत सिफारिस गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को २० देशका लागि राजदूत सिफारिस गर्ने निर्णय गरेको हो । सत्ता गठबन्धनका दलहरुले १२ जना राजदूत आपसमा भागबण्डा गरेका छन् भने ८ जना परराष्ट्र सेवाका कर्मचारीलाई राजदूतमा सिफारिस गरिएको छ ।

स्थानीय तहका लागि निर्वाचन आयोगले आचार संहिता लागू गर्ने तयारी गरिरहँदा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले नियुक्तिको निर्णय गरेको हो ।

उत्तरी छिमेकी चीनका लागि राजदूतमा बिष्णुपुकार श्रेष्ठ सिफाररिस भएका छन् । उनी माओवादी केन्द्रको कोटामा राजदूत सिफारिस भएका हुन् । त्यस्तै दक्षिण अफ्रिकाका लागि दानबहादुर तामाङ, स्पेनका लागि शर्मिला पराजुली ढकाल, श्रीलंकाका लागि बासुदेव मिश्र, रसियाका लागि मिलन तुलाधर, अष्ट्रेलियाका लागि कैलाश पोखरेल, मलेसियाका लागि डिल्लीराज पौडेल, इजरायलका लागि शान्ता रिजाल सिफारिस भएका छन् ।

यस्तै दक्षिण कोरियाका लागि ज्योति प्याकुरेल, डेनमार्कका लागि प्रा.डा. रामसोगरथ राय यादव, साउदी अरेबियाका लागि नवराज सुवेदी राजदूत सिफारिस भएका छन् । त्यस्तै नरेशविक्रम ढकाल पनि राजदूतमा सिफारिस भएका छन् ।

त्यस्तै परराष्ट्र मन्त्रालयका कर्मचारीहरु घनश्याम भण्डारी, हरिशचन्द्र घिमिरे, तीर्थराज वाग्ले, डोरनाथ अर्याल, सुशीलकुमार लम्साल, भरतकुमार रेग्मी, निर्मलराज काफ्ले र दुर्गाबहादुर सुवेदी पनि राजदूतमा सिफारिस भएका छन् ।

मन्त्रिपरिषद्ले गरेको सिफारिसलाई संसदीय सुनुवाइ समितिले अनुमोदन गर्नुपर्ने र सम्बन्धित मुलुकले एग्रिमो दिएपछि राष्ट्रपतिले राजदूत नियुक्त गर्ने संवैधानिक व्यवस्था छ ।

# अर्थतन्त्र थप धराशायी

बिग्रँदो अर्थतन्त्रलाई उकास्न सरकारलाई राष्ट्र बैंकले विभिन्न १५ वटा सुझाव दिएको छ । तर, सरकारले सुझाव कार्यान्वयन गर्नेतर्फ गम्भीर चासो नदेखाउँदा अर्थतन्त्रबारेको चिन्ता थप बढेको हो ।



'नेपालको अर्थतन्त्र संकटतर्फ उन्मुख भएको संकेत देखा पर्न थालेका छन्, अत्यावश्यक बाहेकका व्यापारीका बस्तुको आयातमा कुनै पनि प्रकारको कर्जा प्रवाह नगरिने व्यवस्था लागू गर्नुपर्छ ।'

**■ महाप्रसाद अधिकारी**
गभर्नर, राष्ट्र बैंक



'अहिले विदेशी मु   ामा चाप परेको छ । हुन त अहिले आँतिहाल्नुपर्ने अवस्था छैन । सरकारले चनाखो भएर उपयुक्त कदम चाल्नुपर्छ । सुधार गर्नुको विकल्प छैन ।'

**■ डा. विमल प्रसाद कोइराला**
पूर्व मुख्यसचिव

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ चैत

अर्थशास्त्रीहरुले नेपालको अर्थतन्त्र गम्भीर संकटतर्फ उन्मुख भएको बताउन थालेका छन् । गत वर्षदेखि देखापरेको वित्तीय समस्या र विदेशी मुद्राको चापका कारण सो अवस्थामा आएको भन्दै सचेत हुन सरकारलाई सुझाव दिएका हुन् । अझ दक्षिण एसियाली मुलुक श्रीलंकामा देखिएको गम्भीर आर्थिक संकटपछि नेपालमा पनि चिन्ता र चासो बढ्न थालेको हो । पेट्रोलियम पदार्थ खरिदमा मासिक १२ देखि १३ अर्बभन्दा बढी खर्च गर्न नहुने राष्ट्र बैंकले बताउँदै आएको छ र सरकारले पनि हप्तामा २ दिन सरकारी बिदा गर्ने प्रस्ताव अघि सारेको छ ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नेपाली अर्थतन्त्र धराशायी बन्ने संकेत देखापरेको बताएका छन् । 'हो, नेपालको अर्थतन्त्र संकटतर्फ उन्मुख भएको संकेत देखा पर्न थालेका छन्, अत्यावश्यक बाहेकका व्यापारीका बस्तुको आयातमा कुनै पनि प्रकारको कर्जा प्रवाह नगरिने व्यवस्था लागू गर्ने, उच्च मूल्यका टेलिभिजन, मोबाइल सेट, मदिरा लगायतका विलासिताका सामानको आयातलाई भन्सार तथा करका माध्यमबाट नियन्त्रण गर्नु अत्यावश्यक देखिन्छ,' गभर्नर अधिकारीले भने ।

सरकारले काठमाडौं उपत्यका लगायत देशका प्रमुख शहरहरुमा निजी सवारी साधनमा जोर विजोर प्रणाली लागू गर्नुपर्ने, नेपाल भ्रमण वर्षका कार्यक्रमहरुलाई आगामी वर्षका लागि घोषणा गरी संचालनमा ल्याउनुपर्ने, भन्सार बढाउने कामलाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने उनको सुझाव छ ।

नेपाल सरकारका पूर्व मुख्यसचिव डा. विमल प्रसाद कोइरालाले नेपाली अर्थतन्त्रमा खतराको घन्टी बजेकोले सरकारलाई – बाँकी पृष्ठ २ मा

# आचारसंहितामा असहमति

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ चैत

काठमाडौं प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा ६ बुँदे असहमति दर्ता गरेको छ । महासचिव शंकर पोखरेलको नेतृत्वमा गएको समूहले ६ बुँदे असहमति दर्ता गराएका हुन् ।

एमालेले संविधान र कानून अनुसारका आचारसंहिता र प्रावधान पालना गर्न प्रतिबद्ध रहेको समेत जनाएको छ । उम्मेदवार हुन चाहने जनप्रतिनिधिले राजीनामा दिनुपर्ने प्रावधानमा एमालेले असहमति जनाएको छ । विवाद देखिएका बेला मतदान अधिकृत र निर्वाचन अधिकृतको निर्णय नै अन्तिम मान्ने प्रावधानले धाँधलीविरुद्ध अदालतमार्फत प्राप्त हुनसक्ने अधिकारमाथि अंकुश लगाउन खोजेको एमालेको दाबी छ ।

राजनीतिक दलले मत माग्न, उम्मेदवारले प्रचार गर्न र सामाजिक सञ्जाल प्रयोग गर्नमा लगाइएको रोकप्रति एमालेले



आपत्ति जनाएको छ । निर्वाचित जनप्रतिनिधिले प्रचारमा संलग्न हुन नपाउने प्रावधानप्रति समेत एमालेले असहमति जनाउँदै प्रधानमन्त्री र मन्त्रीले प्रचार गर्न पाउने तर जनप्रतिनिधिले नपाउनु पक्षपात भएको एमालेको धारणा छ ।

सामाजिक सञ्जाल, वेबपेज र टेलिफोनमार्फत चुनाव प्रचार गर्न नपाइने प्रावधान र सामाजिक सञ्जाल प्रयोग गरेर हुने प्रचार कम खर्चिलो हुने भएकाले यसलाई खुकुलो गर्नुपर्ने एमालेको भनाइ छ ।

फेरि उम्मेदवार हुन चाहने जनप्रतिनिधिले राजीनामा दिनुपर्ने प्रावधानमा समेत एमाले असहमत देखिएको छ । विवाद देखिएका बेला मतदान अधिकृत र निर्वाचन अधिकृतको निर्णय नै अन्तिम मान्ने प्रावधानले धाँधलीविरुद्ध अदालतमार्फत प्राप्त हुनसक्ने अधिकारमाथि अंकुश लगाउन खोजेको एमालेको भनाइ छ ।

एमाले महासचिव पोखरेलले निर्वाचन – बाँकी पृष्ठ २ मा

# रेमिट्यान्स बढाउन श्रममन्त्री श्रेष्ठका दर्जन प्रस्ताव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले नेपाल आउने रेमिट्यान्स रकम औपचारिक माध्यमबाट ल्याउन सरकारले चाल्नुपर्ने कदमहरुबारे विभिन्न प्रस्ताव गरेका छन् । अर्थ मन्त्रालयमा भएको सरोकारवाला निकायको बैठकमा मन्त्री श्रेष्ठले वैदेशिक रोजगार वा रेमिट्यान्सबाट अधिकतम लाभ लिन हुन्डीको सट्टा बैंकिङ च्यानल प्रयोग गरेर विदेशी मुद्रा ल्याउन आकर्षित गर्नुपर्ने बताए ।

नेपाल आउने रकम औपचारिक माध्यमबाट ल्याउन सके विदेशी मुद्रा सञ्चिति र बैंकहरूसँग लगानीयोग्य पुँजी अभावको समस्या हट्ने मन्त्री श्रेष्ठको भनाइ छ । मन्त्री श्रेष्ठले नेपाल आउने रेमिट्यान्स रकम औपचारिक माध्यमबाट ल्याउन सरकारले चाल्नुपर्ने कदमहरुबारे राखेको प्रस्तावमा वैदेशिक रोजगारीमा गएका श्रमिकहरुलाई राज्यले सम्मानजनक व्यवहार गर्नुपर्ने, विदेशबाट पैसा पठाउँदा लाग्ने सेवा शुल्क हटाउनुपर्ने, विदेशका प्रमुख शहरमा नेपाली बैंक स्थापना गर्नुपर्ने र विदेशबाट सोझै नेपालको खातामा जम्मा हुने रकममा दुई प्रतिशतसम्म बढी ब्याजदर दिनुपर्ने रहेको छ ।

त्यस्तै औपचारिक माध्यमबाट नेपालमा पैसा पठाइरहेको प्रमाण पेस गरेमा नेपाल आउँदा ल्याउन पाउने सामान टिभी, गरगहना आदिमा सहुलियत दिने, औपचारिक माध्यमबाट नेपालमा पैसा पठाइरहेको प्रमाण पेश गरेमा पुनः श्रम स्वीकृति लिंदा वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम दाखिला गर्नु नपर्ने, वार्षिकरुपमा सबैभन्दा धेरै विप्रेषण पठाउनेमध्येलाई राष्ट्रिय सम्मान गर्ने, औपचारिक माध्यमबाट नेपालमा रेमिट्यान्स पठाउनेहरुलाई राज्यबाट सेवा शुल्क लिएर प्रदान गरिने – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## अब अनलाइनबाटै म्यानपावरलाई पूर्व र अन्तिम स्वीकृति

**काठमाडौं/मस–** वैदेशिक रोजगार कार्यालयले आगामी बैशाख २ गतेदेखि अनलाइन प्रणालीबाट मात्र संस्थागत श्रम स्वीकृति दिने भएको छ । बिहीबार एक सूचना जारी गरी वैदेशिक रोजगार कार्यालय ताहाचलले बैशाख २ गतेदेखि संस्थागत अर्थात् म्यानपावर कम्पनीको तर्फबाट पेश हुने फाइलमा श्रम स्वीकृतिको काम भौतिक उपस्थिति बिना नै अनलाइन प्रणालीबाट मात्र गरिने बताएको छ ।

त्यसका लागि कम्तीमा ३ कार्य दिनअघि नै पूर्व र अन्तिम श्रम स्वीकृतिका लागि अनलाइनमार्फत आवेदन दिन समेत कार्यालयले अनुरोध गरेको छ । वैदेशिक रोजगार विभागमा महानिर्देशकको जिम्मेवारीमा आएलगत्तै शेषनारायण पौडेलले अनलाइन प्रणालीबाट श्रम स्वीकृति दिन शुरू गरेपछि सोही कामका लागि म्यानपावर कम्पनीले श्रम प्रतिनिधि वा अन्य कसैलाई पठाए कारबाही – बाँकी पृष्ठ २ मा

**कतारमा रोजगार | कम्पनी: SAMAM SPECIAL SECURITY SERVICE WLL**
**शहर: DOHA**

पूर्व स्वीकृत मितिः २०७८/१२/२४ | चलानी नं.: ६०१७७४०९ | L.T. No.:260793

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 20 | 5 | स. काममा दक्ष | 1500 | ४९,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख २ गते (15 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399
Fax: +977-1-4361742, Email: amity@mail.com.np | Website: www.amityhr.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२५ चैत २०७८, शुक्रबार
8 April 2022, Friday

## गठबन्धनको ...

देउवा, माओवादी अध्यक्ष प्रचण्ड, नेता नेपालसहित १३९ जना सांसद थिए । मुद्दा पनि पक्षले जित्यो । यसपछि गठबन्धनका नेतहरूसँग उनले मन्त्रीका लागि आन्तरिकरूपमा छलफल तीव्र पारेका थिए ।

यसअघि गैर सांसद गजेन्द्र हमाललाई मन्त्री बनाउँदा पनि सर्वोच्चमा विवाद भएको थियो । त्यसमा प्रधानन्यायाधीश जबरालाई जोडिएको थियो । जबराको कोटामा मन्त्री बनाइएको भन्दै चर्को विरोधपछि हमालले राजीनामा दिनु परेको थियो । हमालले सर्वोच्चमा सेटिङ मिलाएको आरोप खेपे भने राणाले संसद विघटन बदर गरिदिएर त्यसको बदलामा मन्त्री भाग खोजेको आरोप लाग्यो ।

यही परिवेशपछि गैरसांसदको रुपमा बन्दी मन्त्री बनेपछि ओली सरकार ढालेर गठबन्धन सरकार बनाउन तथा एमसीसी पास गर्नलगायतका सहयोग गरेको वापत गठबन्धनले गुण तिरेको कतिपयले टिप्पणी गरेका छन् ।

मन्त्री बन्दीको प्रतिबद्धता

नवनियुक्त कानूनमन्त्री बन्दीले शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्न आफ्नो ध्यान केन्द्रित गर्ने बताएका छन् । मन्त्रालयमा पदभार ग्रहण गर्दै विभिन्न कारणले शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न हुन नसकेको भन्दै आफ्नो ध्यान यसैमा केन्द्रित गर्ने प्रतिबद्धता जनाएका हुन् ।

प्रधानमन्त्रीले शान्ति प्रक्रियाका विषयलाई निष्कर्षमा पुऱ्याउन दिएको जिम्मेवारी पूरा गर्ने मन्त्री शर्माको भनाइ छ । 'सत्यनिरुपण तथा मेलमिलाप आयोगलाई क्रियाशील बनाउनका लागि आवश्यक कानून बनाउँछु', उनले भने ।

यता यसअघि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्हाल्दै आएका दिलेन्द्रप्रसाद बडूलाई हाल प्रधानमन्त्रीले सम्हालिरहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

## अर्थतन्त्र....

सचेत हुन सुझाव दिएका छन् । 'अहिले विदेशी मुद्रामा चाप परेको छ। हुन त अहिले आँत्तिहाल्नुपर्ने अवस्था छैन । सरकारले चनाखो भएर उपयुक्त कदम चाल्नुपर्छ । सुधार गर्नुको विकल्प छैन । तर, हामीले होस पुऱ्याएनौं भने श्रीलंकाजस्तो अवस्था हुनसक्छ,' पूर्व मुख्यसविच कोइरालाले भने । वित्तीय स्थिरता र वित्त सन्तुलनले अर्थतन्त्र सुधारको लागि महत्वपूर्ण भूमिका खेल्ने हुँदा सरकारले त्यसतर्फ विशेष ध्यान दिनुपर्ने उनको भनाइ छ ।

नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहन बहादुर बस्नेतले पनि अर्थतन्त्र धराशायी बनेको विषय स्वीकार गरेका छन् । 'अर्थतन्त्र अहिले जटिल मोडमा पुगेको छ । प्रधानमन्त्रीले अर्थमन्त्रीलाई राम्रोसँग काम गर्न निर्देशन दिनुभएको छ । संयुक्त सरकार भएकाले नेपाली कांग्रेसले चाहेर पनि गर्न सकिने स्थिति छैन । आगामी मंसिरसम्म संयुक्त सरकार रहन्छ । नेपाली कांग्रेसको बहुमतको सरकार बनेमा विदेशी सहयोग आउँछ र अर्थतन्त्र ट्र्याकमा आउँछ,' नेता बस्नेतले भने । उनले अर्थतन्त्र सुधारका लागि चिनियाँ नाका खोल्न सरकारलाई सुझाव दिएको पनि बताएका छन् ।

राष्ट्र बैँकका १५ सुझाव

बिग्रँदो अर्थतन्त्रलाई उकास्न सरकारलाई राष्ट्र बैंकले विभिन्न १५ वटा सुझाव दिएको छ । जसमा काठमाडौं उपत्यकाभित्रका सबै सवारी एवं सार्वजनिक निकायहरूमा हप्ताको ५ दिन कार्यालय समय १ घण्टा थप गरी शनिबार र आइतबार बिदा दिने, चार पांग्रे तथा मोटरसाइकलको आयातमा भन्सार लगायतका कर थप गर्ने र नगद मार्जिनको माध्यमबाट आयात निरुत्साहित गर्ने र नेपाल आयल निगमबाट पेट्रोलियम पदार्थको कुल बिल भुक्तानी मासिक १२-१३ अर्बका सीमा भित्र रहने गरी आपुर्ति व्यवस्थापन गर्ने रहेका छन् ।

विद्युतको घरेलु उपयोग बढाउन महशुल घटाउने, अत्यावश्यक बाहेकका व्यापारीका बस्तुको आयातमा कुनै पनि प्रकारको कर्जा प्रवाह नगरिने र उच्च मूल्यका टेलिभिजन, मोबाइल सेट, मदिरा लगायतका विलासिताका सामानको आयातलाई भन्सार तथा करका माध्यमबाट नियन्त्रण र विप्रेषण पठाउँदा लाग्ने सेवा शुल्क मध्ये कम्तिमा पनि ५० प्रतिशत शुल्कमा अनुदानको व्यवस्था गरी विप्रेषकको खातामा तत्काल जम्मा हुने व्यवस्था गर्ने लगायत रहेका छन् । तर, सरकारले सुझाव कार्यान्वयन गर्नेतर्फ गम्भीर चासो नदेखाउँदा अर्थतन्त्रबारेको चिन्ता थप बढेको हो ।

## आचारसंहितामा...

आयोगले बैशाख ३० गते का लागि घोषणा गरिएको स्थानीय तहको निर्वाचनका लागि जारी आचारसंहितामा संविधान र कानुनसँग बाझिए बाहेकका विषय मात्रै मान्ने भन्दै पत्र बुझाएका हुन् । संविधान र कानून अनुसारका आचारसंहिता र प्रावधान पालना गर्न प्रतिबद्ध रहेको एमालेको दाबी छ ।

## रेमिट्यान्स ...

सेवाहरुमा ५० प्रतिशत सहुलियत दिनुपर्ने पनि मन्त्री श्रेष्ठको प्रस्तावमा उल्लेख छ ।

यस्तै मन्त्री श्रेष्ठले रेमिट्यान्स बढाउन नेपाल फर्केर उद्यम गर्नेहरुलाई विदेशमा हुँदा पठाएको रकम बराबरै रकम निश्चित समयका लागि विना ब्याज उपलब्ध गराउनुपर्ने, वैदेशिक रोजगारीमा जाने श्रमिकको बैंक खाता अनिवार्य गर्नुपर्ने, सरकारले तोकेबाहेक अन्य तरिकाबाट वैदेशिक रोजगारीमा जान पूर्ण रोक लगाउनुपर्ने र वैदेशिक रोजगारीमा जान विद्यमान प्रक्रियालाई सहज र सरल बनाउनुपर्ने प्रस्ताव गरेका छन् ।

## अब...

गरिने बताएका थिए । म्यानपावर कम्पनीले फाइलमार्फत अन्तिम स्वीकृति लिँदा उक्त कार्यालयका धेरै कर्मचारी र केही श्रम प्रतिनिधिका लागि वैदेशिक रोजगार कार्यालय ताहाचल कमाईका दृष्टिले आकर्षक मानिएको थियो । वैदेशिक रोजगार विभाग मातहत रहेपनि मन्त्रालयका सचिवले आफू निकटका कर्मचारीलाई ताहाचल पठाउने गरेका थिए ।

विगतमा व्यवसायीले मागपत्र, कामदारले पाउने तलबदेखि कामदारका सबै विवरण स्क्यानिङ गरेर अनलाइनबाटै पठाएपनि कर्मचारीले सबै सक्कली कागजात लिएर आउन दबाब दिएर सानातिना कमजोरी देखाउँदै रकम असुल्ने गरेको कतिपय व्यवसायीको गुनासो छ ।

अनलाइन प्रणालीको शुरुवात गरिएपछि त्यसलाई असफल पार्न केही कर्मचारीदेखि बिचौलियाहरुले धेरै मिहेनत गरेको पनि पटकपटक सार्वजनिक हुने गरेको थियो ।

वैदेशिक रोजगारीमा जाने कामदारको पूर्व र अन्तिम श्रम स्वीकृति अनलाइन प्रणालीमार्फत दिन शुरू गरिएपछि सेवाग्राहीले लामो लाइन बस्नुपर्ने यसअघिको झन्झट हटेको मन्त्रालयको भनाइ छ ।

संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीमा जानेहरुको विवरण म्यानपावर कम्पनीले भरिदिए पनि व्यक्तिगत र पुनः श्रम स्वीकृतिमार्फत जाने कामदारले विभागको वेबसाइटमार्फत फाराम भर्न झन्झट मान्ने गरेका कारण अहिले पनि कार्यालय छेउछाउका बिचौलिया पूर्णरूपमा नहटेको बताइएको छ ।

अनलाइन श्रम स्वीकृति शुरू भएमा तालिम नलिई अभिमुखीकरणको प्रमाणपत्र लिने कार्य, नक्कली बीमाजस्ता समस्या हट्ने विभागको बुझाई छ ।

स्वीट्जरल्याण्ड सरकारको सहयोगमा सञ्चालित सुरक्षित आप्रवास परियोजना (सामी)को चार करोड रुपैयाँभन्दा बढी लागतमा पाँच वर्ष अघिदेखि अनलाइन प्रणाली शुरूवात गरिएको हो ।

# टाइफाइडविरुद्धको खोप अभियान शुरु

**काठमाडौं/मस**–प्रधानमन्त्री शेरबहादुर देउवाले टाइफाइडविरुद्ध बालबालिकालाई दिइन लागिएको खोपको उद्घाटन गरेका छन् ।

रानीपोखरीस्थित दरबार हाइस्कूलमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री देउवाले खोप अभियानको उद्घाटन गरेका हुन् । बिहीबारदेखि शुरु भएको खोप अभियान आगामी वैशाख २५ गतेसम्म चल्नेछ । यो अभियानको क्रममा १५ महिनादेखि १५ वर्ष उमेरसमूहका बालबालिकालाई दिइनेछ । बालबालिकालाई शुक्रबारदेखि खोप दिइँदैछ । नेपालमा पहिलो पटक यो खोप दिइन लागिएको हो । १५ महिनादेखि १५ वर्ष उमेर समूहका झण्डै ७५ लाख बालबालिकालाई यो खोप दिने सरकारको लक्ष्य रहेको छ ।

नजिकैको खोप केन्द्रमा गएर खोप लगाउन सरकारले सबैमा अनुरोध गरेको छ । नेपालले पछिल्लो १० वर्षदेखि खोप लगाउने विषयमा गृहकार्य गर्दै आएको थियो।

### कामपामा मात्रै ६०० खोप केन्द्र

शुक्रबारदेखि अभियानका रूपमा सञ्चालन गर्न लागिएको टाइफाइडविरुद्धको खोप कार्यक्रममा सहयोग गर्न काठमाडौं महानगरपालिकाले आफू मातहतका सबै विद्यालयलाई आग्रह गरेको छ।

कामपाको शिक्षा विभागले सूचना जारी गर्दै यही चैत २५ देखि आगामी वैशाख १८ गतेसम्म १५ महिनामाथि १५ वर्षसम्मका उमेर समूहका बालबालिकालाई टाइफाइडविरुद्धको खोप लगाउने कार्यक्रम रहेको छ ।

### सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/२५**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ४७१.५६ क्युफिट, खयर काठ १०१५.२३ क्युफिट (स्यापउड सहित) र साल दाउरा १ चट्टा बिक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**चण्डिथान सामुदायिक वन उपभोक्ता समूह, ऋषिङ- ३, तनहुँ**

### भगवतीमाई गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**सच्याईएको**

**प्रकाशित मिति : २०७८/१२/२५**

मिति २०७८/१२/२४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचनाको बोलपत्र ठेक्का नं.** BRM/HCCB/NCB/08/2078/079 भएको सूचनामा **भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पगनाथ, दैलेख, कर्णाली प्रदेश, नेपाल** हुनुपर्नेमा अन्यथा भएकाले सच्चाईएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


### अलर्ट ओभरसिज प्रा.लि. को अत्यन्त जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **अलर्ट ओभरसिज प्रा.लि. (श्रम इजाजत पत्र नं. १२४०/०७४/०७५)**को नाममा केही अनाधिकृत व्यक्तिहरूले वैदेशिक रोजगारमा पठाईदिन्छु डिमाण्ड छ भन्दै राहदानी र रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि.को कहि कतै शाखा र सम्पर्क कार्यालय नभएको र कोही एजेण्ट समेत नभएको पनि यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदछौं । यस प्रा.लिको नाममा कुनै अनिधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । यस प्रा.लि.को आर्थिक कारोबार यसै प्रा.लिको लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**Alert Overseas Pvt. Ltd.**
Govt. Lic No. 1240/074/075
Samakhusi-10, Kathmandu Nepal, Tel: 4362322
E-mail : info@alertoverseas.com.np, alertoverseas.np@gmail.com, Web.: www.alertoverseas.com.np


### नेपाल सरकार
### भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
### सडक विभाग
### संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
## सडक डिभिजन बुटवल

रुपन्देही

### सिलबन्दी बोलपत्रको आशयपत्र जारी गरिएको सूचना

**प्रकाशन मितिः २०७८/१२/२५**

यस कार्यालयबाट मिति२०७८/०९/१८ गते प्रकाशित सूचना नं. ०५/०७८-०७९ अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट निम्न विवरण अनुसारका बोलपत्र न्यूनतम मूल्यांकित एंव सारभुतरुपमा प्रभावग्राही बोलपत्र भएको हुँदा स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस सम्वन्धमा कुनै दावी विरोध भएमा यस कार्यालयको ईमेल ठेगाना roaddivisionbutwal@gmail.com मा निवेदन पेश गर्नुहुन जानकारी गराईन्छ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | आशयपत्र जारी गरिएको बोलपत्रदाताको नाम | कवोल अंक, रु. (मु.अ.क.समेत) |
|---|---|---|---|---|
| 1 | SRCTIP-DOR-WPM-RDBTW-NCB-14 | Periodic Maintenance of Sunwal-Parasi Maheshpur(KM 0.000 to KM 18.950 of F009_01,_02, Belhaiya-Siddharthanagar, Butwal Mun. Boundary Rajmarga Chauraha(KM 0.750 to KM 4.800, KM 22.110 to KM 24.04 of NH47_001,_003) | Worldwide-Siddhartha-Sagun JV, Rupandehi | 201,666,597.53 |

**डिभिजन प्रमुख**

## याङवरक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
प्रदेश नं. १, नेपाल

### दुइ पाङ्ग्रे सवारी साधन (मोटरसाइकल)को शिलबन्दी प्रश्ताव आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/१२/२५**

यस याङवरक गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को लागि "उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४" को अधिनमा रही दुइपाङ्गे सवारी साधन (मोटरसाइकल) खरिद गर्नुपर्ने भएकोले इच्छुक उत्पादक कम्पनी वा आधिकारिक विक्रेताहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा निम्न शर्तहरुको अधिनमा रही प्रश्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको विस्तृत विवरण जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय पाँचथरको सूचना पाटीमा समेत टाँस गरिएको छ । साथै कार्यालयको सूचना पाटी र वेवसाइट www.yangwarakmunpanchthar.gov.np मा समेत राखिएको छ ।

**आपुर्ति गर्नु पर्ने सामानको विवरणः**

| ठेक्का नं. | सामान | स्पेशिफिकेशन | संख्या | कैफियत |
|---|---|---|---|---|
| YRM/CS/01-2078-079 | Motor cycle | General: Suitable for driving in rough and hilly road condition<br>Engine: Air cooled four stroke gasolineengines of minimum 180 CC<br>Developing Power and torque:not less than 15 PS and 15N-m respectively at the governed RPM.<br>Transmission: Minimum five speed<br>Brake: Mechanical or hydraulic Brake with disc break at the front (240mm) and rear drum (110mm)<br>Ground Clearance: Minimum 200 mm<br>Wheel base:Minimum 1350mm<br>Fuel Tank capacity: Minimum 12 litters<br>Warranty: Manufacture shall provide a minimum of one-year warranty. | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु Technical Specification बमोजिम हुनेछ । |

**प्रमुख प्रशासकीय अधिकृत**


## कतारमा रोजगार |

कम्पनी: DAWLABANI CONSTRUCTIONS
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/१२/२४ चलानी नं.: ६०१७७४९४ L.T. No.: 261262

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख २ गते (15 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@gmail.com



## RECRUITMENT Opportunity for Malaysia!!
## मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**

**निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !**

रोजगारदाता कम्पनी (Employer Company) : **KOON SENG SDN BHD**

| पूर्व स्वीकृत मितिः / Pre Approval Date: | २०७६/११/७ / 2020/02/19 | चलानी नं.: / Invoice No.: | ६०१५२०४३ / 60152043 | एल टि नं.: / L.T. No.: | २३३१९६ / 233196 | पून विज्ञापन / Re-Advertise |
|---|---|---|---|---|---|---|

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | ८० 80 | 0 | आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing and speaking basic Englis | १२०० 1200 | ३४,४२८ 34,428 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छ Yes | | दुई वर्ष 2 Years |

**नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया)को प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।**

**Note:** Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/ not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु.५०००/- कामदारले ब्यहोर्ने NPR 5000/- By the Employee | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | कामदारले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employee Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगार दाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- कामदारले ब्यहोर्ने NPR 1500/- By the Employee | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**प्रि अन्तर्वार्ता मेनपावर कार्यालयमा भैरहेको छ । प्रि अन्तर्वार्तामा पास हुनेले मात्र फाइनल अन्तर्वार्तामा सहभागी हुन पाउनेछन । अन्तर्वार्ता मेनपावर कम्पनीको कार्यालय, काठमाडौंमा मिति ५,६, ८ र १२ बैशाख २०७९ मा हुनेछ ।**

**Interview will be held at Manpower Office, Kathamndu on 18th, 19th, 21th and 25th April 2022.**

**पाल्ही ओभरसिज प्रा.लिको कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट पाल्ही ओभरसिजले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**

**Palhi Overseas Pvt. Ltd. does not have any branch or mediator representative. Palhi Overseas is a non-fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् / **Beware of Illegal Recruiters**

**नोटः आवेदकले कम्तिमा १० कक्षा पास गरेको हुनुपर्नेछ ।**
**Applicants must have completed 10 class pass**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अधि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अधिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

License No. 598/062/063

**PALHI OVERSEAS PVT. LTD.**
जि.पि.ओ. बक्सः ९७८०, लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं, फोनः ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

# सुरेन्द्र बडूः व्यक्ति एक प्रतिभा अनेक



काठमाडौं/मस-राष्ट्रसेवाका विभिन्न पाटाहरु धर्म, राजनीति, पत्रकारिता, कलाकारिता, साहित्य लेखन, सामाजिक सेवा लगायत विविध संघ-संस्थामा समेत सक्रिय रही सामाजिक रुपान्तरणका खातिर जीवनका अधिकांश समय व्यतित गरेका एक युवा प्रतिभा हुन् सुरेन्द्र प्रसाद बडू ।

सुदुरपश्चिम प्रदेशको दार्चुलामा जन्मेर काठमाडौंलाई कार्यक्षेत्र बनाउँदै आएका बडूले रोग, भोक र शोकबाट आक्रान्त जनजीवनका साझा सवालहरुलाई आफ्नो लेखन कार्यबाट बुलन्द गर्दै आएका छन् ।

साहित्यका प्रायःजसो सबै विधामा कलम चलाएका बडूका झण्डै दुई दर्जन निवन्ध, गजल, उपन्यास, गीतहरु, कथा, कविता र जीवनीका साथसाथै राजनैतिक पुस्तकहरु समेत लिखित, सम्पादित तथा प्रकाशित छन् । रेडक्रस, रेयुकाई, स्काउट, राष्ट्रिय उद्घोषकको केन्द्रीय उपाध्यक्ष, प्रगतिशील युवा समूहको अध्यक्ष, विविध पत्रपत्रिकाको सम्पादकीय भूमिकामा रही कार्यअनुभव बटुलेका बडूले समसमायिक राजनीतिक, साँस्कृतिक, आर्थिक क्षेत्रका थुप्रै लेख रचना विभिन्न पत्रपत्रिकामा लेखन गरिसकेका छन् ।

आफ्नो राष्ट्रप्रति अगाध सेवाभाव राख्ने बडूले पटक-पटक भएका लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय सहभागिता जनाउदै अखण्ड सुदुरपश्चिमको पक्षमा भएका कार्यक्रमहरुमा महत्वपूर्ण भूमिका निर्वाह गरिसकेका छन् ।

प्रथम कविता संग्रह प्रकाशन भएको विं.स. २०५८ सालमा क्रान्तिकारी कृति लेखन गरेको भनि व्यापक खोजी भएको र प्रशासनबाट समेत लुकीलुकी हिड्नु परेको विषय अहिले पनि चर्चाको विषय बनेको छ ।

'किन दुख्दैन कालापानी-२०५ किरालाई' लेख प्रकाशन भएपछि तत्कालिन समयमा मानसिक यातनाको सिकार बनेका बडूका सीमा सम्बन्धी, भ्रष्टाचार, राजनीतिक गतिरोध, लागूऔषध र बढ्दो विदेश पलायन सम्बन्धि प्रकाशित विचारहरुको विषयमा विभिन्न वृत्तमा चर्चा-परिचर्चा हुने गरेको पाइन्छ । राजनीतिक नेतृत्वका अक्षमताका कारण सीमा विवादमा रहेका बेला सारा नेपालीहरुले शारीरिक तथा मानसिक यातना पाइरहेको वर्तमान अवस्थामा हेपाहा तथा विस्तारवादी प्रवृतिकाविरुद्ध सम्पूर्ण युवाशक्ति एक भएर लाग्नुपर्ने र संस्कारित राजनीतिको पक्षमा उभिनुपर्ने कुरामा सार्वजनिक आग्रह समेत बडूले गरेका छन् ।

सुरेन्द्र बडूद्वारा लिखित तथा सम्पादित पुस्तक तथा कृतिहरु

१. सृजनाको भूमिमा सुरेन्द्र प्रसाद बडूका कविताहरु
२. देशभक्ति (रचना संग्रह)
३. छालहरु (कविता संग्रह)
४. टुक्रिएको मुटु (कविता संग्रह)
५. बाटो (निवन्ध संग्रह)
६. म मरेको दिन (कविता संग्रह)
७. म हूँ यात्री (कविता संग्रह)
८. सानु क्रान्ति (कविता संग्रह)
९. भौतारिएको जीवन (कविता संग्रह)
१०. बराह क्षेत्र परिचय (धार्मिक पुस्तक)
११. धर्ती बोल्छ (सम्पादित)
१२. बधाई छ तिमी र जिन्दगीलाई (गजल संग्रह)
१३. बुहारी उपन्यास (सम्पादन)
१४. सगुन शाह (जीवनी)
१५. एक ज्युँदो इतिहास प्रचण्ड (जीवनी)
१६. नेपाली कांग्रेसको समाजवाद् (सम्पादन)
१७. सनातन धर्म संरक्षण समिति नेपालको प्रतिबद्धता पत्र (सम्पादन)
१८. कथ्य कि तथ्य (सम्पादन)
१९. अमर-प्रेम (उपन्यास)
२०. एक लाख रुपैयाँको चोरी (सम्पादन)
२१. नागरिक टाईम्स (प्रकाशन)

# लुम्बिनीमा सबै स्थानीय तहमा गठनबन्धनको संयन्त्र

अजय मिश्र/मध्यान्ह
कपिलवस्तु, २४ चैत

लुम्बिनी प्रदेशका सबै स्थानीय तहमा गठबन्धनको संयन्त्र निर्माण गरिने भएको छ । बुधबार बसेको लुम्बिनी प्रदेश स्तरीय बैठकले तत्काल सबै स्थानीय तहमा गठबन्धनको संयन्त्र निर्माण गर्ने, नियमित बैठक बस्ने र मत विश्लेषण सहितको रिपोर्ट पेश गर्ने निर्णय गरेको हो ।



नेपाली कांग्रेसका लुम्बिनी प्रदेश सभापति अमर सिंह पुन, नेकपा माओबादी केन्द्र लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बराल, जनता समाजवादी पार्टी नेपाल लुम्बिनी प्रदेश अध्यक्ष अशोक यादव तथा राष्ट्रिय जनमोर्चा लुम्बिनी प्रदेश उपाध्यक्ष बद्रे आलमले संयुक्त विज्ञप्ति जारी गर्दै बैठकले स्थानीय पालिका र जिल्लाहरूले गरेका सहमतिलाई सकारात्मक रूपमा ग्रहण गर्ने निर्णय समेत गरेको जानकारी गराएका छन् । यस्तै बैठकले कुनै पालिकामा समस्या रहेमा प्रदेश तहबाट कार्यदल निर्माण गरि स्थलगत अनुगमनका आधारमा समस्याको समाधान गर्ने निर्णय गरेको छ ।

यस्तै प्रदेश र जिल्लामा आवश्यकता अनुसार गठबन्धन दलको नियमित बैठक बस्ने, गठबन्धनको आवश्यकता र महत्वबारे जनस्तरमा बोध हुने गरि प्रदेश स्तरीय संयुक्त सभाको आयोजना गर्ने, हालसम्म जिल्लाले गरेको गठबन्धनको सकारात्मक पहलहरुलाई स्वागतसहित अझ प्रभावकारी ढंगले निष्कर्षमा पुऱ्याउने निर्णय गरेको छ ।

**Madhyabindu Municipality**
**Office of the Municipal Executive**
Chormara, Nawalparasi (East of Bardghat Susta)
Gandaki Province, Nepal

**Invitation for Bid**

**Invitation for Bids No: 20/MBMW/Works/2078/79**
**Date of Publication: 2078/12/25(2022-04-08)**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of Construction of primary Hospital Building (15-BED) at Madhyabindu Municipality, Madhyabindu -07,Chormara and intends to apply part of the funds to cover eligible payments under the Contract for 20/MBMW/works/2078/79. Bidding is open to all eligible as per Section V of bidding document.
2. Madhyabindu Municipality, Nawalparasi East invites electronic bids from eligible bidders for the construction of Primary Hospital Building (15-BED) under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible Bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 150000000.00
   - Minimum Work experience of similar size and nature: Single Building Project Cost of NRs. 160000000.00
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**गजेन्द्रनारायण सिंह अस्पताल**
**राजविराज, सप्तरी**

**बोलपत्र स्वीकृतिको आशयपत्रको सूचना**

**प्रकाशित मितिः २०७८/१२/२५**

यस गजेन्द्र नारायण सिंह अस्पतालबाट मिति २०७८/११/१५ गते ठेक्का नं.०९/०७८/७९ र ठेक्का नं.१०/०७८/७९ को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e–bid मार्फत निम्न कार्य गर्नका लागि पर्न आएको बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्र सारभुत रुपमा प्रभावग्राही न्युनतम मुल्याकंन बोलपत्रहरु स्वीकृतीका लागि मुल्याकंन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७को प्रयोजनको लागि समेत सबै दरभाउपत्रदाताहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपशिलः**


| क्र.स. | ठेक्का नं. | कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | ०९।०७८।७९ | रासन खरिद | चाँदनी ट्रेडर्स सप्लायर्स, राजबिराज, सप्तरी | २८,५९,८००।०० |
| २. | १०।०७८।७९ | Construction of Roof Truss above of Emergency Building and Indoor Building | Tandab Construction Pvt.Ltd. Hetauda-17, Makawanpur | ८९,४०,४७५।० |

नि.प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस् ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.







तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

**मलेसियामा रोजगार** | १. कम्पनी : INFINITY RC BUILDERS SDN BHD
शहर : CHERAS

पूर्व स्वीकृत मितिः २०७८/१२/२४ चलानी नं.: ६०१७७४६८ L.T. No.: 261125

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : EXPERT SECURITY SERVICES SDN BHD शहर : JALAN
पूर्व स्वीकृत मितिः २०७६/०७/२९ चलानी नं.: ६०१४६३२१ L.T. No.: 227160 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 37 | 0 | स. काममा दक्ष | 1100 | ३१,५५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख १ र २ गते (14 & 15 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रसुवा ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ११३०/०७३/०७४
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९, ५९०६४४८
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com, Web.: www.rasuwaoverseas.com
Mobile: 9801300070, 9851044152, 9840557986, 9851186120, 9801300076, 9860077994, 9823073198

**साउदीमा रोजगार** | १. कम्पनी: ZAINAB MUSLIM BIN SALEH AL HASHEM GENERAL CONTRACTING EST
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१२/२४ चलानी नं.: ६०१७७५०२ L.T. No.: 260809

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanical Techician | 1 | 0 | स. काममा दक्ष | 2000 | ६४,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: BROWN DROPS CAFE TO SERVE DRINKS शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०७८/१२/२४ चलानी नं.: ६०१७७३६० L.T. No.: 260810

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ वैशाख २ गते (15 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४३८८३८०, ४३८२५३३, फ्याक्सः ४३८८३८१

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : I-MIX READY MIX CONCRETE COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६३८८५ LT. No.: 246744 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole vehicle Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५८,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ वैशाख २ गते (15 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

**साउदीमा रोजगार** | १. कम्पनीः THREE-EGG FAST FOOD RESTAURANT
शहरः JIZAN

पुर्व स्वीकृत मितिः २०७८/१२/२४ चलानी नं.: ६०१७७४९३ LT. No.: 260836

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Restaurant Worker | 2 | 0 | | 1000 | ३२,२४० | | | | | | | |

२.कम्पनीः HEALTHY FOODS CO. LTD. शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७८/११/२२ चलानी नं.: ६०१७५५०५ LT. No.:258904 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 9 | 0 | स. काममा दक्ष | 1000 | ३२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख २ गते (15 April 2022) मा हुनेछ ।

